## अनुसूची-२

## (दफा-४ तथा अनुसूची-१ को भाग-१ संग सम्बन्धित)


# रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

**खण्डः९ संख्याः१ मितिः२०८२/०३/१०**

## भाग-१


## रतुवामाई नगरपालिका

## उप-मेयरसँग छोरी-बुहारी शिक्षा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि-२०८२

### प्रस्तावना

रतुवामाई नगरपालिकाको प्राविधिक शिक्षा र उच्च शिक्षाको स्तरलाई बृद्धि गर्ने र शिक्षामा सबैको पहुँच स्थापित गराउन यस नगरपालिका क्षेत्र भित्रका छात्राहरुलाई प्राविधिक शिक्षा र उच्च शिक्षा हासिल गर्न पहुँच पुर्याउने यस नगरको लक्ष्य र समग्र राज्यले शिक्षाको सर्वसुलभता र सबै वर्गलाई समावेश गर्ने नीति

लिएको परिपेक्षमा नगरपालिकाको शैक्षिक संस्थामा प्राविधिक र उच्च शिक्षामा अध्ययनरत नगरवासी छोरी/बुहारी छात्राहरुलाई प्रोत्साहन गर्न उपयुक्त कार्यविधि बनाउन बाञ्छनिय भएकोले नेपालको संविधान, २०७२ को धारा (२२६), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को ज (१६) र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी रतुवामाई नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"उप–मेयरसँग छोरी/बुहारी शिक्षा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(ख) यो कार्यविधि रतुवामाई नगरपालिका अन्तर्गत संचालित उच्च शिक्षा अध्यापन गराउने आंगिक तथा सामुदायिक क्याम्पस/प्राविधिक विद्यालयहरुमा अध्ययनरत छात्रा विद्यार्थीहरुमा मात्र लागु हुनेछ ।

(ग) यो कार्यविधि नगर राजपत्रमा प्रकाशित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"नगरपालिका"** भन्नाले रतुवामाई नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"नगर प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) **"नगर उप–प्रमुख"** भन्नाले नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"वडाध्यक्ष"** भन्नाले नगरपालिकाको वडाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) **"शिक्षा प्रमुख"** भन्नाले रतुवामाई नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(च) **"क्याम्पस"** भन्नाले रतुवामाई नगरपालिकाभित्र संचालित उच्च शिक्षा प्रदान गर्ने आंगिक तथा सामुदायिक क्याम्पसलाई सम्झनु पर्दछ ।

(छ) **"विद्यालय"** भन्नाले रतुवामाई नगरपालिकाभित्र संचालित कक्षा ११ र १२ प्राविधिक शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"छोरी/बुहारी"** भन्नाले मा.वि.तर्फको प्राविधिक शिक्षा र क्याम्पस तर्फको उच्च शिक्षामा अध्ययनरत यस नगरपालिकाभित्र स्थायी बसोबास गर्ने छात्रा विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले दफा ४ बमोजिम गठित छनौट तथा सिफारिस समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको लक्ष्य र उद्देश्य

**३. कार्यक्रमको लक्ष्य र उद्देश्यः** यस कार्यक्रमको उद्देशय निम्न बमोजिम हुनेछ ।

क. रतुवामाई नगरपालिकाका सबै वर्ग, जात, समुदायका छोरी र बुहारीहरूलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्ने,

ख. आर्थिक अभावका कारण पढ्नबाट वञ्चित भएका महिला विद्यार्थीलाई अवसर दिने,

ग. महिलाहरूलाई शिक्षा मार्फत आत्मनिर्भर, सक्षम र नेतृत्वदायी बनाउन सहयोग पुऱ्याउने,

घ. पारिवारिक, सामाजिक, र राजनीतिक निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउने,

ङ. विपन्न, दलित, जनजाति, एकल महिला, अपाङ्गता भएका महिला आदि वर्गहरूलाई उच्च शिक्षामा सहभागी गराएर समावेशी समाज निर्माणमा योगदान दिने,

च. शिक्षा, स्वास्थ्य, उद्यमशीलता, र नेतृत्वमा महिलाको स्थायी विकास सुनिश्चित गर्ने,

छ. नगरपालिकाभित्र संचालित आंगिक तथा सामुदायिक क्याम्पसहरु र मा.वि.तर्फको प्राविधिक धारमा अध्ययन गर्न प्रोत्साहन दिन,

## परिच्छेद-३
## छनौट तथा सिफारिस समितिको गठन, काम, कर्तव्य र अधिकार

४. **छनौट तथा सिफारिस समितिको गठनः** (१) यस कार्यक्रम संचालन गर्दा सिफारिस, निर्देशन तथा अनुगमन गर्न देहाय बमोजिमको ७ सदस्यीय समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर उप—प्रमुख | — संयोजक |
| (ख) | अनुदान प्राप्त गर्ने शैक्षिक संस्था भएको सम्बन्धित वडाका वडाध्यक्ष | — सदस्य |
| (ग) | अनुदान प्राप्त गर्ने क्याम्पस र विद्यालयको प्रमुखमध्येबाट २ जना | — सदस्य |
| (घ) | नगरपालिकाको शिक्षा प्रमुख | — सदस्य-सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ , समितिको वैठक भत्ता नगरकार्यपालिका नियमानुसार हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **छनौट तथा समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) यस कार्यविधिको दफा (९) बमोजिम सम्बन्धित क्याम्पस/विद्यालय मार्फत आवेदन मागको सूचना प्रकाशन गर्ने/गराउने, ।

(ख) आवेदनहरुको मूल्याङ्कन गरी विद्यार्थी छनौट गरी सिफारिस गर्ने,

(ग) वार्षिक अनुमानित खर्चको लागत सहित समेष्टर वा वार्षिक प्रणाली अनुसारको विवरण नगरपालिकाको कार्यालयमा पेश गर्ने/गराउने,

(घ) छनौट भएको विद्यार्थीहरुको नियमित रुपमा कक्षमा सहभागिता, आन्तरिक परीक्षा, अन्तिम परीक्षा र नतिजाको बारेमा विवरण अद्यावधिक राख्ने,

(ङ) समय समयमा अनुदान प्राप्त गर्ने क्याम्पस/विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने,

(च) कार्यक्रमको दीगोपना र प्रभावकारिता बारे अध्ययन गरी आवश्यक राय, सुझाव सहित वार्षिक रुपमा तयार पारी नगरपालिकाको कार्यालय समक्ष आ.व. समाप्त भएको ४५ दिन भित्र प्रतिवेदन पेश गर्ने,

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयन विधि

६. **कार्यक्रममा आवद्ध हुने लक्षित समूहः-** १) उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि यस कार्यक्रममा देहायको योग्यता भएका नेपाली नागरिक/विद्यार्थीहरुलाई मात्र समावेश गरिनेछः

क. रतुवामाई स्थायी ठेगाना भएका सबै छोरीहरु,

ख. रतुवामाई स्थायी ठेगाना भएका सबै बुहारी हुनुपर्ने,

७. **अनुदान दिनेः-**

१. रतुवामाई नगरपालिकाकाले प्राविधिक धार तर्फ मा.वि. तह (कक्षा-११ र १२) मा अध्ययन गर्ने छोरी बुहारी र स्नातक तह तर्फको जुनसुकै संकायमा अध्ययन गर्ने छोरी-बुहारीहरुको वार्षिक विद्यालय भर्ना शुल्क, मासिक शुल्क, लाईब्रेरी शुल्क, ल्याब शुल्क, अतिरिक्त क्रियाकलाप शुल्क, रजिष्ट्रेसन शुल्क, नियमित तर्फको परीक्षा शुल्क समेत गरी एकमुष्ट रुपमा प्राविधिक विद्यालय र स्नातक तह पठनपाठन हुने क्याम्पस/विद्यालयलाई वार्षिक रुपमा एकमुष्ट वा पटक पटक गरी अनुदान दिईनेछ ।

२. प्रति विद्यार्थी लागत नियमित तर्फको विद्यार्थीको अध्ययनको कोर्ष अवधिको रकम भन्दा बढी नहुने गरी अनुदान दिईनेछ ।

३. उपदफा (१) जुनसुकै कुरा उल्लेख भए तापनि शैक्षिक सत्र शुरु गरी अध्ययन पूरा नगरी बीचमै क्याम्पस/विद्यालय छोडेर अन्यन्त्र जाने विद्यार्थी छात्राहरुले यो सुविधा लिएको शुरुदेखिको सम्पूर्ण रकम फिर्ता गर्नु पर्नेछ । साथै अनुतीर्ण भई आंशिक तर्फको परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको सम्पूर्ण खर्च परीक्षार्थी स्वयंले बेहोर्नु पर्नेछ ।

४. अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले निम्न बमोजिम विद्यार्थीको कोटा निर्धारण गरी सहभागिताका आधारमा अनुदान रकम निकासा गरिनेछ । कोटा बमोजिम कुल छोरी विद्यार्थीको ३० प्रतिशतले हुन आउने समावेशी तर्फको विद्यार्थीहरुको कोटा नपुग भएका नपुग कोटाको भूक्तानी दिन नगरपालिका बाध्य हुने छैन ।

| अनुदानको किसिम | छोरी (१००%) मध्ये | | बुहारी | कैफियत |
|---|---|---|---|---|
| | खुला तर्फ | समावेशी तर्फ | | |
| मा.वि. प्राविधिक धार तर्फ कक्षा (११ र १२) | ७०% | ३०% | सबै | |
| स्नातक तह तर्फ | ७०% | ३०% | सबै | |

५. समावेशी तर्फ आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित समुदाय, पिछडा वर्ग र वञ्चितिकरणमा परेका समुदायका छोरीहरु विद्यार्थीहरु समावेश गर्नु पर्नेछ ।

८. **स्रोत व्यवस्थापनः** रतुवामाई नगरपालिकाले वार्षिक रुपमा बजेट विनिजोन गरी आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गर्नेछ।

९. **आवेदन माग गर्नेः-** (१) यस कार्यक्रममा सहभागी हुने इच्छुक छोरी बुहारीहरुको आवेदनको लागि स्थानीय पत्रिका वा सूचना पाटी, वेभसाईट वा विद्यालयको सूचना पाटीमा टाँस हुने गरी ३५ दिने आवेदन मागको सूचना प्रकाशन गरिनेछ ।

(२)सूचना प्रकाशन गर्दा निम्न बमोजिमको अवधि भित्र आवेदन पेश गरी गर्नु पर्नेछ ।

| अनुदानको किसिम | आवेदनको समय सीमा | कैफियत |
|---|---|---|
| मा.वि. प्राविधिक धार तर्फ कक्षा (११ र १२) | एस.एल.सी./एस.इ.इ. वा सो सरह परीक्षाको अन्तिम नतिजा सार्वजनिक भएको ३५ दिन भित्र | |
| स्नातक तह तर्फः | प्रवीणता प्रमाण पत्र तह, कक्षा-१२ वा सो सरह परीक्षाको अन्तिम नतिजा सार्वजनिक भएको ३५ दिन भित्र | |

(३) माथि जुनसुकै कुरा उल्लेख भए तापनि एक पटक आवेदन पेश गरी छनौट भइसकेपछि प्राविधिक शिक्षा तर्फ को कोर्ष र स्नातक तह तर्फ सेमेष्टर वा वार्षिक प्रणाली बमोजिमको कोर्स पूरा नभएसम्मको लागि लागू हुनेछ । तर वार्षिक रुपमा अद्यावधिक विवरण भने कार्यालयमा पेश गरी जानकारी गराउनु पर्नेछ।

**१०. आवेदनका लागि आवश्यक मापदण्ड र योग्यताः**-तोकिएको कार्यक्रम सहभागी हुन देहाय बमोजिमको योग्यता हुने पर्नेछ ।

| अनुदानको किसिम | **योग्यता** | **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु** |
|---|---|---|
| मा.वि. प्राविधिक धार तर्फ कक्षा (११ र १२) | • स्थायी ठेगाना रतुवामाई नगरपालिका भएको,<br>• एस.एल.सी./एस.इ.इ. वा सो सरह उत्तीर्ण गरेको,<br>• बुहारीको हकमा विवाह दर्ताको प्रमाण,<br>• नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै व्यक्ति, संघसंस्था/निकायबाट सोही शिक्षा अध्ययनका लागि आंशिक वा पूर्ण छात्रवृति नलिएको र समान तह वा माथिल्लो कक्षा उत्तीर्ण नगरेको स्वघोषणा पत्र । | • तोकिए बमोजिमको विद्यार्थीको विवरण खुल्ने गरीको आवेदन,<br>• स्थायी ठेगाना खुल्ने प्रमाण,<br>• अघिल्लो शैक्षिक योग्यताका Transcript, Character Certificates<br>• ट्रान्सफर भएर आउने भएको सो संग सम्बन्धित कागजातहरु,<br>• बुहारीको हकमा विवाह दर्ताको प्रमाण पत्र पेश गर्नुपर्ने,<br>• स्वघोषणा पत्र |
| स्नातक तह तर्फ | • स्थायी ठेगाना रतुवामाई नगरपालिका भएको,<br>• प्रवीणता प्रमाण पत्र तह, कक्षा-१२ वा सो सरह उत्तीर्ण गरेको,<br>• बुहारीको हकमा विवाह दर्ताको प्रमाण,<br>• नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै व्यक्ति, संघसंस्था/निकायबाट सोही शिक्षा अध्ययनका लागि आंशिक वा पूर्ण छात्रवृति नलिएको र समान तह वा माथिल्लो कक्षा उत्तीर्ण नगरेको स्वघोषणा पत्र । | • तोकिए बमोजिमको विद्यार्थीको विवरण खुल्ने गरीको आवेदन,<br>• स्थायी ठेगाना खुल्ने प्रमाण,<br>• अघिल्लो शैक्षिक योग्यताका Transcript, Character Certificates<br>• ट्रान्सफर भएर आउने भएको सो संग सम्बन्धित कागजातहरु,<br>• बुहारीको हकमा विवाह दर्ताको प्रमाण पत्र पेश गर्नुपर्ने,<br>• स्वघोषणा पत्र |

**११. कार्यक्रममा सहभागी नगरिनेः** देहायको अवस्थामा कुनै पनि छोरी बुहारीलाई कार्यक्रममा सहभागी गराईने छैन ।

क. रतुवामाई नगरपालिका स्थायी ठेगाना नभएमा,

ख. नगरपालिका बाहिरको क्याम्पस/विद्यालयमा अध्ययन गर्ने भनी निवेदन पेश गरेमा,

ग. मा.वि.प्राविधिक धार तर्फ कक्षा (११ र १२) वा सो भन्दा माथिल्लो योग्यता हासिल गरिसकेमा,

घ. उच्च शिक्षा तर्फ स्नातक तह वा सो भन्दा माथिल्लो योग्यता हासिल गरसकेमा,

ङ. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै व्यक्ति, संघसंस्था/निकायबाट सोही शिक्षा अध्ययनका लागि भनी आंशिक वा पूर्ण छात्रवृति, निःशुल्क वृति लिएमा,

च. तोकिएको समायावधि भित्र रीतपूर्वक आवेदन पेश नगरेमा,

१२. **मूल्याङ्कन तथा छनौटः-** दफा ४ बमोजिम गठित छनौट तथा मूल्याङ्कन समितले सम्पूर्ण आवेदनहरुको मूल्याङ्कन ३० दिन भित्र सकी छनौट गरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

१३. **अनुदान प्राप्त गर्ने क्याम्पस/विद्यालयको दायित्वः** अनुदान प्राप्त गर्ने प्राविधिक विद्यालय र क्याम्पस/विद्यालयको दायित्व देहाय बमोजिम हुनेछ।

क. रतुवामाई नगरपालिका स्थायी ठेगाना भएका छोरी तथा बुहारीलाई निःशुल्क अध्ययनको व्यवस्था गर्ने,

ख. सिफारिस भई छनौट भएका छोरी तथा बुहारी बाहेक अन्य कुनै पनि विद्यार्थीको निकासा माग गर्न नपाउने,

ग. विद्यार्थीहरुबाट तोकिए बमोजिमको शिर्षकहरुमा थप कुनै पनि किसिमको शुल्न लिन नपाउने,

घ. छनौट भएको विद्यार्थी छात्राहरुको विवरण, रजिष्ट्रेसनको फर्म भर्ने विद्यार्थीहरुको विवरण, परीक्षामा सम्मिलित विद्यार्थीहरुको विवरण, वार्षिक शैक्षिक प्रगति नतिजा र अनुदान प्रयोगको विवरण वार्षिक रुपमा नगरपालिकामा पेश गर्ने,

ङ. यस कार्यक्रममा आवद्ध निःशुल्क अध्ययन गर्ने छोरी बुहारीको सूची सार्वजनिक गर्ने,

च. तोकिए बमोजिमको अन्य कार्य ।

छ. नगरपालिकाबाट तोकिएको मापदण्ड अनुसार रिपोर्टिङ र मूल्यांकनमा सहयोग गर्ने।

१४. **अनुदान रकम खर्च गर्नेः** शैक्षिक संस्थाले प्राप्त गर्ने अनुदान रकम सञ्चालक/व्यवस्थापन समितिको निर्णय अनुसार प्राथमिकताका आधारमा खर्च गर्नुपर्ने छ ।

क. विद्यालय तथा क्याम्पस/विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार सम्बन्धी खर्च,

ख. शिक्षक कर्मचारीहरुको तलब, भत्ता तथा सुविधा सम्बन्धी खर्च,

ग. क्याम्पस/विद्यालयको शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी खर्च,

घ. विद्यालय तथा क्याम्पस/विद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी लगायतका विविध खर्च ।

१५. **सम्झौता गर्नुपर्नेः**यस कार्यक्रममा आवद्ध भई अनुदान प्राप्त विद्यालयले अनिवार्य रुपमा नगरपालिकासंग सम्झौता गर्नुपर्नेछ । सम्झौताको ढाँचा तोकिए बमोजिम हुनेछ ।

१६. **निकासा एवं भूक्तानी प्रक्रियाः** नगरपालिकाले अनुदान रकम भूक्तानी गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क. अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले बढीमा दुई किस्तामा अनुदान रकम प्राप्त गर्ने छ ।

ख. पहिलो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम कक्षा सञ्चालन भइसकेपछि प्राप्त गर्नेछ भने बाँकी ५० प्रतिशत रकम अन्तिम परीक्षा सम्पन्न भएपछि मात्र निकास गरिनेछ ।

ग. छनौट भएका छोरी बुहारीको संख्याको आधारमा अनुदान वापत प्राप्त गर्ने रकम बराबरको आम्दानी रसिद वा बिल प्रथम वर्ष, दोस्रो वर्ष, तेस्रो वर्ष वा चौथो वर्ष खुलिने गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

१७. **लेखा तथा लेखा परीक्षणः** अनुदानको खर्चको लेखाङ्कन र लेखा परीक्षण क्याम्पस/विद्यालयको प्रचलित कानून अनुसार गर्नुपर्ने छ ।

## परिच्छेद-५
## अनुगमन, मूल्याङ्कन तथा निर्देशन

१८. **अनुगमन, मूल्याङ्कन तथा निर्देशनः (१)** अनुदान प्राप्त गर्ने क्याम्पस/विद्यालयको शैक्षिक गुणस्तरको अवस्था, अनुदान रकमको प्रयोगको अवस्था, छोरी बुहारी विद्यार्थीको सहभागिता, विद्यार्थीको नियमितता लगायतका विषयमा नगरपालिकाबाट नियमित वा आकस्मिक रुपमा जुनसुकै बेला पनि अनुगमन गरी निर्देशन गर्न सक्नेछ ।

(२) अनुगमनको क्रममा दिएको सल्लाह, सुझाव र निर्देशनको पालना गर्नु सम्बन्धित विद्यालय वा क्याम्पस/विद्यालयको दायित्व हुनेछ।

## परिच्छेद-६
## विविधः

१९. **कारबाही हुनेः** अनुदान प्राप्त गर्ने उद्देश्यले विद्यार्थी छात्रा वा क्याम्पस/विद्यालयले झुठा विवरण पेश गरेमा वा झुठा सिफारिस गरेको खुल्न आएमा त्यस्तो छात्रा विद्यार्थी र सिफारिस गर्ने क्याम्पस/विद्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२०. **पुनरावलोकन गरिनेः** यो कार्यविधि कार्यान्वयन भएको २ वर्ष पछि यस कार्यक्रमको दीगोपना र प्रभावकारिता बारे अध्ययन गरी पुनरावलोन गरिनेछ ।

२१. **परिमार्जन तथा संशोधनः** यो कार्यविधिको परिमार्जन तथा संशोधन गर्ने अधिकार तोकिएको विधि बमोजिम नगर कार्यपालिकामा निहित रहनेछ ।

२२. **बाधा अड्काउ तथा फुकाउः** यो कार्यविधि जारी हुँदाका बखतसम्म भएका कार्यहरु यसै कार्यविधि भएको मानिनेछ । साथै यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन वा द्विविधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार तोकिएको विधि बमोजिम नगर कार्यपालिकाको हुनेछ ।

**आज्ञाले,**
**डम्मरु बल्लभ बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र